२०७४ सालको ऐन नं.०२

# फिक्कल गाउँपालिकाको विनियोजन ऐन, २०७४

गाउँसभाद्वारा स्वीकृत भएको मिति:२०७४।३।३०

**प्रस्तावना:**

फिक्कल गाउँपालिकाको आर्थिब बर्ष ०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनिययोजन गर्न वान्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप- धारा (२) बमोजिम फिक्कल गाउँसभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** यो ऐनको नाम "फिक्कल गाउँपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

**२.आर्थिक बर्ष ०७४।०७५ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने आधिकार:** (१) आर्थिका बर्ष ०७४।०७५ को निमित्त गाउँ कार्यपालिका, वडा समति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रु.२६,१५,७९,७०८।५० (अक्षेरुपी रु .छब्बीस करोड पन्ध्र लाख उनासी हज्जार सातसय आठ पैसा पचास मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सक्नेछन ।

**३.विनियोजन:** (१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०७४।०७५ को निमित्त फिक्कल गाउँपालिकाको गाउँ कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपूग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपूग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सक्नेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भूक्तानी खर्च र व्याज भूक्तानी खर्च शीर्षकमा बहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भूक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची १

(दफा २ सँग सम्वन्धित)

नेपालको संविधानको धारा २९९ (२) बमोजिम

सञ्चितकोषबाट विनियोजन हुने रकम

रकम रु. हज्जारमा

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | गाउँ कार्यपालिका | १८७९९०६६ | १२१९४४७०८.५० | | १४०७४३७७४.५० |
| | | वडा समिति | १९७५८९३४ | ० | | १९७५८९३४ |
| | | विषयगत शाखा | ८१०५५००० | २००२२००० | | १०१०७७००० |
| | | ऋणको सावाँ व्याज भूक्तानी | ० | ० | | |
| | | लगानी -शेयर/ ऋुण | ० | ० | | |
| **जम्मा रु.** | | | ११९६१३००० | १२३९४६७०८.५० | | २६१५७९७०८.५० |